प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली, नेपाल

फोन नं. ०९१-५२५५०६ माननीय मन्त्रीज्यू कक्ष
०९१-५२१४८० प्रदेश सचिवज्यू कक्ष
०९१-५२३४८७ प्रशासन महाशाखा
०९१-५२२६७६ बजेट योजना म.शा.
०९१-५२५२८५ वित्त व्य. महाशाखा
०९१-५२५०६३ आ.प्र. शाखा
०९१-५२०५०७ Extension Line
website: moeap.p7.gov.np
E-mail: moeap7@gmail.com

प.सं. : २०७८/७९
च.नं. : ८६

मितिः २०७८/५/१५

विषयः प्रदेश विशेष प्रोत्साहन भत्ता कार्यान्वयन सम्बन्धमा ।

श्री मन्त्रालय/कार्यालय/निकाय (सबै)
श्री प्रदेश सभा सचिवालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

उपर्युक्त सम्बन्धमा प्रदेश सभा सचिवालय, सुदूरपश्चिम प्रदेश, कैलालीको प.सं. २०७८/७९, च.नं. ६१, मिति २०७८/५/1 गतेको पत्रबाट चालु आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यको बुँदा नं. २२३ मा प्रदेशमा कार्यरत राष्ट्रसेवकहरु कर्मचारीहरुलाई जिल्लागत आधारमा प्रदेश विशेष प्रोत्साहन भत्ता उपलब्ध गराउने भनिएको तर यस मन्त्रालयको च.नं. १, मिति २०७८/४/1 गतेको बजेट कार्यान्वियन सम्बन्धी मार्गदर्शनमा "प्रदेशमा कार्यरत राष्ट्रसेवकहरु" लाई प्रस्तुत भत्ता उपलब्ध गराउने भनी उल्लेख भएकोले बजेट कार्यान्वयनमा दुविधा उत्पन्न भएको भनी प्रष्टिकरणका लागि अनुरोध भई आएको सम्बन्धमा प्रदेश विशेष प्रोत्साहन भत्ता कार्यान्वयन सम्बन्धमा देहाय बमोजिम गर्न/गराउन हुन यस मन्त्रालयको मिति २०७८/५/१५ गते (माननीय मन्त्रिस्तर) को निर्णयानुसार अनुरोध छ ।

प्रदेश विशेष प्रोत्साहन भत्ता कार्यान्वयन सम्बन्धमा देहाय अनुसार गर्ने/गराउनेः

१. सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७८ बमोजिम प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकमबाट तलब भत्ता तथा सेवा सुविधा उपभोग गर्ने प्रदेशका सबै मन्त्रालय, मन्त्रालय मातहतका कार्यालयहरु, सचिवालय, आयोग, कोष, तथा निकायहरुमा कार्यरत "राष्ट्रसेवक कर्मचारीहरु" लाई मात्रै देहाय अनुसारको जिल्लागत आधारमा प्रदेश विशेष प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

| जिल्लाहरु | मासिक प्रोत्साहन रकम (रु.) | ख.शी.नं. | खर्च शीर्षक |
|---|---|---|---|
| दार्चुला, वाजुरा र बझाङ्ग | ३०००/- | २११३९ | अन्य भत्ता (प्रदेश विशेष प्रोत्साहन भत्ता) |
| अछाम, डडेल्धुरा, बैतडी तथा डोटी | २५००/- | | |
| कैलाली तथा कंचनपुर | २०००/- | | |

२. स्वीकृत दरबन्दीभित्रका करार सेवाका कर्मचारीहरुलाई मात्रै निजसँग गरिएको सेवा करार सम्झौताका आधारमा प्रदेश विशेष प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

३. मन्त्रालय/निकायबाट सञ्चालित कार्यक्रम, आयोजना/परियोजना तथा सेवा परामर्शबाट तलब भत्ता भुक्तानी हुने गरी नियुक्त गरिएका कर्मचारीहरुलाई प्रदेश विशेष प्रोत्साहन भत्ता उपलब्ध नगराउने ।

४. मन्त्रालयका माननीय मन्त्री तथा राज्यमन्त्रीको सचिवालयमा नियुक्त भई कार्यरत कर्मचारीहरुलाई प्रदेश विशेष प्रोत्साहन भत्ता उपलब्ध नगराउने ।

५. स्वदेश/वैदेशिक अध्ययन विदामा रहेका कर्मचारीहरुको हकमा अध्ययन विदाको अवधिभर प्रदेश विशेष प्रोत्साहन भत्ता उपलब्ध नगराउने।

२०७८/५/१५
(खगेन्द्र साउँद)
शाखा अधिकृत

बोधार्थ :
श्री आर्थिक प्रशासन शाखा, आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश, कैलाली ।

Scanned with CamScanner